नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक ;
प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलज्यूको अध्यक्षतामा आज मिति २०७७/१२/२९ गते आईतवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो।

**विशेष उपस्थिति:**

समन्वय उप प्रमुख, श्री सरोज कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रहरी उपरिक्षक, श्री सुदिपराज भण्डारी, जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा

उप अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

सह सेनानी, श्री उत्तम कटेल, शेर गण चोहर्वा

मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल सिरहा

प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा

**बैठकको कारवाही एवम् निर्णय**

१. विगतमा जिल्ला स्तरिय CCMC समितिको बैठकबाट भएको निर्णयको समिक्षा गरीयो।
२. २०७८ सालको नव वर्षमा सिरहा जिल्लाको सिरहा, लहान, भगवानपुर, लक्ष्मिपुर लगायतका पालिकामा लाग्ने मेला हेर्न आउनेहरु भारततर्फबाट समेत आउने हुँदा हाल कोभिड-१९ संक्रमण जोखिमलाई ध्यानमा राखी भारतबाट प्रवेश गर्न नदिने र यस विषयमा सम्वद्ध भारतीय अधिकारीहरु सँग पूर्व समन्वय गर्ने।
जिल्ला भित्र मेलामा न गै घर घरमै पर्व मनाउन सार्वजनिक आह्वान गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

३. कोभिड-१९ सक्रमणको नयाँ जोखिम बढ्ने हालको अवस्थालाई दृष्टिगत गरी सिरहा अस्पताल, लहान अस्पतालले आईसोलेसन संचालन गर्नु पर्ने भएमा,
ल्याव, ICU, भेन्टिलेटर र किड्नकीको डाईलासिस समेत गर्नु पर्ने अवस्थाका सम्वन्धमा आवश्यक जनशक्ति करारबाट नियुक्ति गर्न-संगठन तथा व्यवस्थापन, (O&M) सर्वेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं २ समेतमा सर्वेक्षण यथाशिघ्र पेश गर्न देहायको समिति गठन गरियो ;

देहाय

संयोजक- मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा
सदस्य- मे.सु., डा. विरेन्द्र कुमार मण्डल, लहान अस्पताल, लहान, सिरहा
सदस्य- प्रमुख, यमनाथ गिरी, कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहा
सदस्य सचिव- प्रमुख, कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

४. कोभिड-१९ संक्रमण जोखिममा खटिएका करार तर्फका स्वास्थ्यकर्मीले २०७७ श्रावण देखि ऐ. कार्तिकसम्मको तलव भत्ता नपाएको, आईसोलेसन संचालनको बक्यौता भुक्तानी हुन रकम निकासा नभएको लामो समय भै सकेको संवेदनशील विषयमा तत्काल संवोधन गरी निकासा पठाई दिन पुन: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ मा अनुरोध गर्ने ।

५. महेन्द्र गेनाई स्मृती अस्पतालमा कोभिड-१९ को आईसोलेसन संचालन गर्दा बक्यौता रहेको विद्युत महसुल भुक्तानी गर्न धनगढीमाई न.पा. को कार्यालय लगायतका निकायमा अनुरोध गरिएता पनि हाल सम्म भुक्तानी हुन नसकेको हुँदा संचालन अवधिका विद्युत बक्यौता महसुल जिल्ला कोभिड-१९ कोषबाट भुक्तानी दिने ।
र सो स्थानको सामाग्री सिरहा अस्पतालले बुझी सुरक्षित राख्ने ।

६. कोभिड-१९ को दोस्रो लहर फैलिएको हुँदा भारतका विभिन्न राज्यमा लकडाउन भए सँगै भारतबाट माडर नाका हुँदै नेपाल प्रवेश गर्ने नेपालीहरुको संख्या दिन प्रतिदिन बढी रहेको सन्दर्भमा नाका प्रवेशमा उच्च सतर्कता अपनाई चेक जाँचको व्यवस्था मिलाउने । आवश्यक्ता अनुसार क्वारेन्टाईन व्यवस्था मिलाउन स्थानीय तहलाई अनुरोध गर्ने ।

२०७८।१२।२५
प्रमुख जिल्ला अधिकारी